धनगढी उपमहानगरपालिका
DHANGADHI SUBMETROPOLITAN CITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
धनगढी, कैलाली, सुदूरपश्चिम प्रदेश
Dhangadhi, Kailali, Sudurpashchim Province, Nepal

प.स.२०८३।०८४

च.न.

विषय:जग्गा ठेक्कामा दिने सूचना

पाचौं पटक प्रकाशित मिति:२०८३।०७।१३

श्री सिद्धनाथ माध्यमिक विद्यालय, धनगढी-१२ कैलालीको विद्यालय व्यवस्थापन समितिको मिति २०८३।०६।२० गतेको निर्णय बमोजिम सूचना प्रकाशनका लागि सिफारिस भए अनुसार उक्त विद्यालयको नाममा रहेको ४ विगाहा जमिन कृषि प्रयोजनको लागि ठेक्का लिन चाहने ईच्छुक (फर्म वा कम्पनीले प्यान/भ्याट नं. करचुक्ता प्रमाण पत्र फर्म वा कारोवार नविकरण भएको कागजात र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रतिलिपी) सूचना बमोजिमको शर्तहरुको अधिनमा रहि सिलवन्दी दरभाउ पत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ।

शर्तहरु:

१.वार्षिक न्यूनतम बढाबढ ठेक्का अंक रु.१,१०,०००।– अक्षरेपी एकलाख दश हजार मात्र (बहाल कर समेत) कायम गरिएको छ। ठेक्का सकार गर्ने व्यक्ति,फर्म वा कम्पनीले यस अघि ताल तथा जग्गा ठेक्का लिने श्री अर्गानिक कृषी फर्मले गरेको लगानीको मूल्याङकन् बमोजिम हुन आएको रकम ३९४१०९।- (अक्षरेपी तीन लाख चौरानब्बे हजार एक सय नौ मात्र) उक्त फर्मलाई दिनुपर्ने छ।

२.ठेक्का अवधी सम्झौता भएको मिति देखि १० वर्ष सम्म कायम हुनेछ र कार्य सम्पादन सन्तोषजनक देखिएमा समयावधी थप गर्न सकिनेछ।

३.दरभाउपत्र फाराम कार्यालय समयमा रु.१०००।– रु एक हजार मात्र (फिर्ता नहुने गरी) बुझाई यस कार्यालयको राजश्व शाखाबाट खरिद गर्न सकिनेछ।

४.सूचना प्रकाशित भएको मिति बाट ८औं दिनको दिउँसो १२:०० बजे भित्र दरभाउ पत्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ। रीतपूर्वक दर्ता हुन आएका दरभाउ पत्र सोही दिन दिउँसो १:०० बजे सम्बन्धित व्यक्ति, फर्म वा कम्पनी निजले तोकेको प्रतिनिधीको रोहवरमा खोलिनेछ। तर सम्बन्धित व्यक्ति, फर्म वा कम्पनीले तोकेको प्रतिनिधीहरु उपस्थित नभएमा पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन।

५.यस विद्यालयलाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका व्यक्ति,फर्म वा कम्पनीले यस बहाल प्रक्रियामा भाग लिन पाउने छैनन्।

६.जग्गाको हाल साविक गर्दा कुनै कारणले जग्गा वृद्धि भएमा दरभाउ पत्र सदर हुनेले सो जग्गा पनि उपभोग गर्नु पर्नेछ र सो वाफतको रकम पनि तिर्नु पर्नेछ।

७.विद्यालयलाई जमिन आवश्यक परेमा विद्यालयले आवश्यक पर्ने जमिन उपभोग गर्नेछ। सो बाफतको हिसाबबाट हुने रकम कबोल रकमबाट घटाइने छ।

८.दरभाउ पत्र स्वीकृत भएको संस्थाले संरचना निर्माण गर्दा भविष्यमा विद्यालयलाई हानी नोक्सानी हुनेगरी बनाउन पाइने छैन। विद्यालयलाई आवश्यक देखिने संरचना बनाउन चाहेमा विद्यालयको पुर्व स्वीकृती लिएर बनाउन सकिनेछ ।

९.दरभाउ पत्र खरिद गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सिलबन्दी दरभाउ पत्र सम्बन्धी कार्य गरिनेछ।

घुन्मन सिं बडायक
जाथिकृतस्तर जाठौं

प.स.२०८३।०८४

च.न.

१०.कुनै पनि फर्म वा संस्थाको दररेट पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

११. दरभाउ पत्र दर्ता गर्दा बोलपत्र दाताले आफूले कबोल गरेको ठेक्का अंकको ५ प्रतिशत रकम श्री सिद्धनाथ माध्यमिक विद्यालय धनगढी १२ कैलालीको श्री राष्ट्रिय बाणिज्य बैक, धनगढी शाखाको चल्ती खाताको हि.न. ४१७०१०००२७३१००१ मा जम्मा गरेको भौचर वा सो रकम बराबरको १२० दिन म्याद भएको नेपाल राष्ट्र बैकबाट "क" वर्गको मान्यता प्राप्त वाणिज्य बैकको बैक जमानत पत्र (विडबण्ड) पेश गर्नुपर्नेछ।

१२.दरभाउ पत्र ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ। यदि फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। यस कार्यालयबाट प्रमाणित नगरी विक्री भएको र म्याद नाघी आएको दरभाउ पत्र माथी कुनै कारबाही हुने छैन।

१३.दरभाउ पत्र दाताले कबोल गरेको बहाल अंक बराबरको नगद वा नेपाल राष्ट्र बैकबाट स्वीकृत प्राप्त वाणिज्य बैक द्वारा बहाल अवधी सम्मको लागि जारी गरिएको परफरमेन्स वण्ड दाखिला गरेपछी मात्र ठेक्का भोगचलनको पट्टापुर्जि गरिनेछ।

१४.बहाल दिने कार्य स्वीकृती भएपछि पहिलो वर्ष पहिलो किस्ता बाफतको रकम सम्झौता भएको दिन अग्रीम दाखिला गर्नु पर्नेछ। दोस्रो किस्ताको रकम सोको ६ महिना पुग्ने दिन भित्र अग्रीम बुझाउनु पर्नेछ। त्यस पछिका वर्षका हकमा पहिलो किस्ता बुझाएको दिन देखि हरेक ६।६ महिना भित्र किस्ता बाफतको रकम बुझाउनू पर्नेछ। यसको विस्तृत तालिका सम्झौता पत्रमा उल्लेख भए अनुसार हुनेछ।

१५.बहाल अनुसार विद्यालयलाई बुझाउने रकममा २/२ वर्षमा शूरु रकमको १०% ले वृद्धि गर्दा बढेकै रकमलाई आधार मानी वृद्धि हुदैँ जानेछ। कुनै पनि अवस्थामा किस्ता रकम छुटको लागि हक दावी गर्न पाईने छैन।

१६.अन्य कुरा सार्वजनिक खरिद ऐन, २०६३ नियमावली, २०६४ (संसोधन सहित) तथा प्रचलित नेपाल सरकारका अन्य कानून बमोजिम हुनेछ। त्रिपक्षिय सम्झौता गर्दा धनगढी उपमहानगरपालिका र विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम हुनेछ।

१७. यस सम्बन्धि थप जानकारीका लागि ९८४८४२१८५५,९८४८४८७८७५ मा सम्पर्क गर्न सकिनेछ।